# फलेवास नगरपालिकाको कार्यालयद्धारा आ.व. ०७७।७८ को प्रगति समीक्षा कार्यक्रमको प्रतिवेदन

## २०७८ भाद्र १८,१९

**पृष्ठभूमि:**

नेपालमा ३ तहका सरकारहरु गठन भई सञ्चालनमा रहेका छन् । नेपालको संविधानमा उल्लेख गरिएका एकल तथा संयुक्त अधिकार सूचीका आधारमा कानूनहरु निर्माण भई तीनै तहका सरकारद्धारा आफ्ना कार्यक्रम तथा योजनाहरु लगायत विभिन्न कृयाकलापहरु सञ्चालन गरेका छन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्था बमोजिम स्थानीय सरकार प्रभावकारी रुपमा सञ्चालन गर्ने सन्दर्भमा आफ्ना कार्यक्रम तथा वजेट तयारी तथा कार्यान्वय गर्ने र नगर स्तरमा अन्य तह र निकाय तथ प्रदेश तथा संघीय सरकारसंग समन्व्य गरी अधिकाधिक कार्यक्रम कार्यान्वयन गर्न यो नगरपालिका सक्रिय रहेको छ । यस्ता कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न अनुगमन गर्ने समन्वय गर्ने, प्रगति प्रस्तुत गर्ने तथा सो को समीक्षा गर्दै राम्रा कार्यको निरन्तरता दिने र सुधार गर्नुपर्ने कार्यक्रम तथा पक्ष पत्ता लगाई सुधार गर्दै अगाडि बढ्न सकेमा मात्र नगरको समृद्ध फलेवास नगर बनाउने अभियानले सार्थकता पाउने अपेक्षा गर्न सकिन्छ ।

नगरपालिकाद्धारा आ.व. ०७७।७८ मा प्रस्ताव गरिएका कार्यक्रमहरु कार्यान्वयन भैसकेका छन । उक्त कार्यक्रमहरुको प्रभावकारीताका लागि निरन्तर अनुगमन तथा पृष्ठष्पोषण हुनु आवश्यक मानिन्छ । साथै विगतका राम्रा अभ्यासहरुलाई निरन्तरता दिने र कमजोरीहरु पत्ता लगाउदै सुधार गरी अगाडि बढेमा विकास कार्य प्रभावकारी हुन सक्छ । फलेवास नगरकार्यपालिकाद्धारा गत आ.व.मा सञ्चालित विभिन्न शाखासंग सञ्चालित कार्यक्रमहरु तथा यस नगर क्षेत्रभित्र प्रदेश तथा संघीय सरकार र विभिन्न गैरसरकारी निकायवाट सञ्चालित कार्यक्रमहरुको प्रगति प्रस्तुतीकरण र सो मा छलफल तथा अन्तर्क्रिया गरी आगामि कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउन समीक्षा कार्यक्रम आयोजना गरिएको थियो । नगर कार्यपालिकाको कार्यालयद्धारा मिति २०७८।५।१८ र १९ गते २ दिन वडा स्तरमा भएका तथा वडाले सम्पादन गरेका कार्यहरु, विभिन्न विषयगत निकाय (प्रदेश तथा संघीय सरकार) द्धारा सञ्चालन गरिएका कार्यक्रम र नगरपालिकाको कार्यालयद्धारा सञ्चालन गरिएका कार्यक्रमहरुको प्रगति प्रस्तुीकरण तथा समीक्षा कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सहभागिहरुको लागि खाजा, खाना तथा यातायात, कार्यालय व्यवस्थापन तथा सञ्चालन खर्च लगायतका मसलन्द वापत हुने खर्च व्यवस्थापनको लागि चालु आ.व.को लागि तयार गरिएको नगर कार्यपालिकाको वार्षिक कार्यक्रम तथा वजेटवाट खर्च व्यवस्थापन गरिएको छ ।

नगर कार्यपालिकाको कार्यालयद्धारा वडा तहको सेवा प्रवाहलाई प्रभावकारी र पारदर्शी गराउने सन्दर्भमा निरन्तर सहयोग, सहजीकरण समेत गरिरहेको छ भने वडा स्तरमा भएको सेवा प्रवाह प्रभावकारी बनाउदै नगर स्तरवाट गरिने सेवा प्रवाहमा समेत प्रभावकारी भूमिका खेलेको छ । त्यसका लागि अनुभवमा निखारता ल्याउदै अगाडि बढ्न निरन्तर सुझाव, सल्लाह र सिकाई आदान प्रदान गर्दा सेवा प्रवाहमा समेत प्रभावकारीता आउने अपेक्षा सहित आ.व. ०७७।७८ मा वडा कार्यालयद्धारा सम्पादन गरेका कार्यहरु नगर कार्यपालिकाका सदस्य, कर्मचारी, शाखा प्रमुख, वडा कार्यालयका कर्मचारी, गैरसरकारी संस्थाद्धारा सञ्चालन गरेका कार्यक्रमको वारेमा प्रस्तुती गरी सो को समीक्षा गरिएको थियो ।

**समीक्षा कार्यक्रमका उदेश्य**

- सम्पूर्ण वार्षिक कार्यक्रमको प्रगति प्रस्तुतीकरण गर्ने,
- कार्यक्रममा जिज्ञासा तथा सुझाव संकलन गर्ने,

Scanned with CamScanner

- वजेट तथा कार्यक्रम र विकास कार्यको अवस्था समीक्षा गर्ने,
- समग्र प्रस्तुत भएका कार्यक्रमको समीक्षा गर्ने,
- आगामी वर्षको लागि सिकाई र अनुकरणीय कार्यक्रमको वारेमा छलफल गर्ने, पृष्ठपोषण प्राप्त गर्ने,
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या, सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष केलाई नगरकार्यपालिकाको कार्यालयलाई सुझाव प्रदान गर्ने,
- अन्य निकायसंगको समन्वय र सहकार्य प्रभावकारी वनाउने वातावरण तयार पार्ने

**प्रगति समीक्षाकार्यक्रमका क्रियाकलापहरु:**

- वडा कार्यालयद्धारा आ.व. ०७७।७८ मा सम्पादन गरेका योजना तथा कार्यक्रम प्रस्तुत भएको,
- नगर कार्यपालिकाको कार्यालयद्धारा सम्पादन भएका वार्षिक कार्यक्रमहरु शाखाहरुद्धारा प्रस्तुत गरिएको,
- वडाहरुमा प्रदेश तथा केन्द सरकारद्धारा सञ्चालित कार्यक्रमको वडाद्धारा प्रस्तुत गरी छलफल गरिएको,
- आ.व. ०७७।७८ को नगरको वार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था समीक्षा तथा छलफल भएको,
- गैरसरकारी क्षेत्रवाट नगरक्षेत्रमा वार्षिक रुपमा सञ्चालित कार्यक्रमको प्रगति प्रस्तुत भई छलफल भएको,
- समग्र प्रस्तुत भएका प्रगति उपर छलफल, समस्या, सवलपक्ष र आगामि सीकाई वारेमा छलफल गरिएको,

**अर्न्तक्रियामा सहभागि:, प्रस्तुतीकरण र समीक्षा**

कार्यालयद्धारा आयोजित प्रगति प्रस्तुती तथा समीक्षा कार्यक्रममा नगर प्रमुख, नगर उपप्रमुख लगायत सम्पूर्ण नगर कार्यपालिका सदस्यहरु, विषयगत समितिका संयोजक र सदस्यहरु, वडा सचिव र वडा समितिको कार्यालयमा कार्यरत कर्मचारी, नगर कार्यपालिकाको कार्यालमा कार्यरत शाखा प्रमुख र अन्य कर्मचारीहरु, पत्रकार, विभिन्न गैससका प्रतिनिधिह लगायतको सहभागिता रहेको थियो ।

१. नगरपालिकाका ११ वटै वडाको प्रस्तुतीकरण भएको । उक्त प्रस्तुत विषयबस्तुमा छलफल र समीक्षा गरिएको थियो ।:मिति २०७८।०५।१८ गते नगरपालिका अन्तर्गतका सवै ११ वटा वडा कार्यालयहरुद्धारा आ.व. ०७७।७८ मा सञ्चालित कार्यक्रमहरु प्रस्तुतीकरण गरिएको थियो । उक्त कार्यक्रममा वडाद्धारा सम्पादन गरिएका आर्थिक, सामाजिक, भौतिक, राजस्व संकलन लगायतका विषय तथा प्रदेश र संघीय सरकारवाट वडामा सञ्चालन गरिएका कार्यको वारेमा जानकारी, कार्यक्रमको प्रभाव तथा कार्यालय व्यवस्थापन लगायतका विषयमां सम्पादित क्रियाकलापहरु प्रस्तुत भई छलफल गरियो ।

२. नगरपालिका क्षेत्रभित्र गैससद्धारा सञ्चालित कार्यक्रमको तपसिलका संस्थाद्धारा प्रगति प्रस्तुत भई छलफल र समीक्षा गरिएको थियो ।

- इन्प्रेड नेपाल,
- नवचेतना सामुदायिक विकास केन्द्र,
- सोडेक नेपाल
- सेक्रेड नेपाल
- खुर्कोट युवा क्लव

Scanned with CamScanner

३.नगर कार्यपालिकाको कार्यालयका तपसिलका शाखाहरुवाट नगर कार्यपालिकाको कार्यालयवाट वार्षिक रुपमा सम्पादन भएका कार्यक्रमहरु शाखागत रुपमा प्रस्तुती गरी छलफल तथा समीक्षा गरिएको थियो ।

- प्रशाशन शाखा
- योजना शाखाः,
- प्रधानमन्त्री रोजगार कार्यक्रम
- पूनर्निमाण शाखा (भुकम्प),
- राजश्व सहकारी शाखा,
- स्वास्थ्य र आयुर्वेद शाखा
- शिक्षा, युवा तथा खेलकुद विकास शाखा
- कृषि विकास शाखा
- पशुसेवा शाखा
- महिला वालवालिका तथा ज्येष्ठनागरिक र न्यायिक शाखा
- उद्यम विकास (उद्योग) शाखा
- क्लिन फलेवास ग्रीन फलेवास अभियान,
- पञ्जीकरण, घटना दर्ता शाखा
- सूचना प्रविधि शाखा
- लेखा शाखा

**प्रस्तुतीकरण पश्चात समीक्षामा तथा छलफल कार्यक्रममा उठान भएका विषयहरु**

१ वार्षिक रुपमा सम्पादन भएका लक्षित कार्यक्रमको प्रगति
२ मुख्य उपलव्धी र कार्यक्रमले पारेको प्रभाव,
३ समस्या र सुधार गर्नुपर्ने विषयहरु
४ कार्यक्रमको प्रभावकारीताको लागि समन्वय र सहकार्य गर्ने

**बजेटः**

नगर कार्यपालिकाको कार्यालयद्धारा आयोजना गरिएको प्रगति प्रस्तुतीकरण तथा समीक्षा एवं अन्तर्क्रिया कार्यक्रममा भएको सहभागी तथा प्रतिवेदन प्रस्तुतकर्ताहरुको लागि खाना, यातायात तथा सन्चार खर्च तथा तयारी खाना खर्च, स्टेशनी, खाजा, पानी लगायतको खर्च व्यवस्थापन वार्षिक कार्यक्रममा विनियोजित वजेट शिर्षकवाट खर्च गरिएको थियो । कार्यक्रमको खर्चको विस्तृत विवरण देहाय अनुसार रहेको छ ।

१ स्टेशनरी प्रति व्यक्ती रु ८० को दरले १०० जना सहभागीको लागि (२ दीनको) रु ८०००।
२ खाजा, पानी, चिया, चिसो,तयारीमा खट्ने कर्मचारी खाना खर्च रु ३४,९२०।
३ व्यानर रु ७५०।
४ प्रस्तुतीकरण को तयारी वडा सचिव खाना, यातायात तथा सन्चार खर्च रु १७६००।
५ शानागत प्रस्तुतीकरण तयारीको लागि खाना तथा सन्चार खर्च रु २४,०००
६ सहभागी खानाखर्च रु ११५,०००

जम्मा खर्च रु २००२७०

Scanned with CamScanner

**प्रस्तुतीकरण पश्चात समीक्षामा सहमति भएका निष्कर्षः**

१ समग्रमा सवै कार्यक्रमको प्रगति सन्तोषजनक पाईयो ।

२ नगरपालिकाको वार्षिक लक्षित कार्यक्रम, बजेट खर्चको हिसावले ९२ प्रतिशत खर्च भएको देखियो । कोरोनाको लकडाउनको समयमा भएको प्रगति राम्रो रहेको निष्कर्ष प्रस्तुत भयो ।

३ योजना तथा पूर्वाधारको क्षेत्रमा लक्षित कार्यक्रमको ८७ प्रतिशत प्रगति भएको देखियो । समन्वयमा जोड दिनुपर्ने सवै निकायद्धारा,

४ विभिन्न निकायवाट यस नगर क्षेत्रभित्र सञ्चालन हुने कार्यक्रमको समयमा नै नगर कार्यपालिकाको कार्यालयमा लिखित जानकारी दिने सम्वन्धमा छलफल भएको,

५ सवै निकायद्धारा कार्यान्वयन गरिने कार्यक्रममा पारदर्शिता हुनुपर्ने,

६ उपभोक्ताहरुको लागि समयमानै प्राविधिक सेवा उपलब्ध गराउनुपर्ने,

७ नगरको मापदण्ड प्रभावित नहुने गरी सवै निकायद्धारा कार्याक्रम कार्यान्वयन गर्नुपर्ने,

८ किसानको आय आर्जन बढ्ने कार्यक्रममा जोड दिनुपर्ने,

९ समय भित्रै योजना कार्यक्रम सम्पन्न हुनेगरी सम्झौता र कार्यान्वय गर्ने,

प्रस्तुत भएका सवै निकाय र नगरकार्यपालिकाको आ.व. ०७७।७८ को प्रगति सन्तोषजनक रह्यो । केही कार्यालयहरुले समन्वय नगरी कार्य गरेकोमो ध्यान दिदै आगामि वर्ष कार्याक्रम कार्यान्वयन गर्दा पूर्व जानकारी गर्न आह्वान गर्ने, गैससका कार्यहरु थप पारदर्शी बनाउनुपर्ने, वडा कार्यालयहरुलाई सवै निकायद्धारा सञ्चालित कार्यक्रमको अभिलेख राख्न जोड दिने गैरसरकारी संस्थाका कार्यक्रम पारदर्शी र प्रभावकारी तथा प्रभाव मुल्यांकन हुन सक्ने गरी सञ्चालन गर्नुपर्ने लगायत वडाहरुको प्रस्तुतीले वडा कार्यालय र वडा समिति थप जिम्मेवार बन्ने अवस्था देखियो । कोरोनाको कहरको कारण सृजना भएको असहज परिस्थितिको अवस्थामा समेत प्रगति सन्तोषजनक र प्रस्तुतीकरण प्रभावकारी रह्यो ।

Scanned with CamScanner